जि.प्र.का. सप्तरी द.नं. ९२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ | अंक १२५ | २०८१ साल मंसिर २९ गते शनिबार (14 Dec. 2024 Saturday) | मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : मर्यादित महिनावारीमैत्री ... ३ पृष्ठमा : 'हरित वित्त विकसित ... ३ पृष्ठमा : संसद् आक्रमणमा मृत्यु ...

# पत्रकार महासंघको तीनै तहको निर्वाचन सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, २८ मंसिर ।**

नेपाल पत्रकार महासंघको केन्द्र, प्रदेश र जिल्लामा गरि तीनै तहमा निर्वाचन शुक्रबार सम्पन्न भएको छ ।

सप्तरी शाखाको नयाँ कार्य समिति चयनका लागि नेपाल प्रेस युनियन, प्रेस चौतारी नेपाल र समाजवादी प्रेस संगठनको संयुक्त प्यानल तथा प्रेस सेन्टर र प्रेस मञ्चको संयुक्त प्यानलबाट उम्मेदवारी परेको हो ।

प्राप्त जानकारी अनुसार सप्तरी शाखामा ८५ जना मतदाता रहेकोमा ८४ जनाले मतदान गरेका छन् । निर्वाचन समितिका संयोजक बैजनाथ झाका अनुसार निर्वाचन शान्तिपूर्ण ढंगले सम्पन्न भएको तथा शुक्रबार रातीदेखी नै तीनै तहको मतगणना सुरु गरिने छ ।

सप्तरी शाखाको विभिन्न २४ पदमा उम्मेदवारी परेको मध्येबाट यसअघि नै चार जना उम्मेदवार निर्बिरोध निर्वाचित भइसकेका छन् ।

जसअन्तरगत महिला सदस्य रक्षा चौधरी, आदिवासी जनजाती सदस्यमा बृजमान तामाङ, दलित सदस्यमा किशोर पासवान र केन्द्रिय परिषद् सदस्य महिलामा ढमला भट्राई निर्बिरोध निर्वाचित भएका हुन् ।

प्रेस युनियन सहितको संयुक्त प्यानलबाट अध्यक्षमा श्रवण कुमार देव, उपाध्यक्ष अनिल कुमार पोखरेल, उपाध्यक्ष महिला सुधा देव, सचिव खगेन्द्र कार्की, सहसचिव कृष्णकुमार मण्डल धानुक, सहसचिव समावेशी डम्बर राई, कोषाध्यक्ष नबिन कुमार गुप्ता, सदस्य महिलामा रक्षा चौधरी, सदस्य दलितमा किशोर कुमार पासवान, मधेशी सदस्यमा अरुण कुमार यादव, सदस्य अन्य समावेशी परिष कुमार कर्ण, सदस्य खुल्लामा क्रमशः नर्मदेव यादव, शिव आचार्य, उत्तम आचार्य र रामनाराण यादवले उम्मेदवार दिएका छन् ।

देव यस अघिको निर्वाचनबाट प्रेस युनियन सहितको प्यानलबाट अध्यक्षमा निर्वाचित भई महासंघ सप्तरीको नेतृत्व गर्दै आएका छन् । यसै गरि सोही प्यानलबाट केन्द्रिय सतिश कुमार दत्त र मनोजकुमार माझी र प्रदेश परिषद सदस्यहरुमा अरुण कुमार तिवारी, नरेश कुमार चौधरी, शैलेन्द्र झा, लोकेन्द्र प्रसाद यादव, पवन कुमार मिश्र, गणेशलाल देवले उम्मेदवारी उम्मेदवारी दिएका हुन् । यसै समूहबाट महिला सदस्य, दलित सदस्य र केन्द्रिय परिषद् महिला सदस्य निर्वाचित भएका हुन् ।

यस्तै प्रेस सेन्टर र प्रेस मञ्चको प्यानलबाट अध्यक्षमा वैद्यनाथ यादव, उपाध्यक्ष रामनारायण विश्वास, उपाध्यक्ष महिला मन्जु यादव, सचिव जितेन्द्र कुमार झा, सह सचिव दिनानाथ यादव, सह सचिव समावेशी विद्यानन्द राम, कोषाध्यक्ष गोपाल प्रसाद गुप्ता, सदस्य आदिवासी जनजाती बृजमान तामाङ्ग, सदस्य मधेशी कृष्णदेव यादव, सदस्य अन्य समावेशी भुषण कुमार सिंह, सदस्य खुल्लामा क्रमशः धर्मपाल राउत, विन्दू कुमार यादव, राजेन्द्र कुमार मिश्र र गंगा प्रसाद साह रहेका छन् ।

यसैगरि केन्द्रिय परिषद सदस्यहरुमा देवराम यादव, सुमन कुमार मिश्र छन् भने प्रदेश परिषद सदस्यहरुमा भुपेन्द्र प्रसाद मण्डल, आनन्द मोहन शर्मा, महेन्द्र प्रसाद मण्डलले उम्मेदवार छन् ।

# नर्सिङलगायतका स्वास्थ्यकर्मीको न्यूनतम पारिश्रमिक व्यवस्था गर्न स्वास्थ्य मन्त्रालयको निर्देशन

काठमाडौँ, २८ मङ्सिर (रासस) ।

स्वास्थ्य संस्थामा कार्यरत सबै नर्सिङ एवं अन्य स्वास्थ्यकर्मीको लागि न्यूनतम पारिश्रमिकको व्यवस्था कायम गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निर्देशन दिएको छ । मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाले सबै स्वास्थ्य प्रतिष्ठान, सरकारी अस्पताल ,मेडिकल कलेज, सामुदायिक तथा निजी अस्पताललाई पत्राचार गर्दै न्यूनतम पारिश्रमिक लगायतका सुविधा उपलब्ध गराउन भनेको हो ।

मन्त्रालयको परिपत्रमा भनिएको छ,"मेडिकल कलेज तथा स्वास्थ्य संस्थाबाट नर्सिङ् एवं अन्य स्वास्थ्यकर्मीको पारिश्रमिक लगायतको सुविधामा अन्याय भएको भनि गुनासो आएको सो सम्बन्धमा स्वास्थ्य संस्थामा कार्यरत सबै नर्सिङ एवं अन्य स्वास्थ्यकर्मीको लागि न्यूनतम पारिश्रमिक र सेवा सुविधा नेपाल सरकार सरह नघट्ने गरी लागू गर्न यही मङ्सिर २७ गते सचिवस्तरीय निर्णय भएको छ ।"

तोकिएको समय भन्दाबढी कार्यको लागि अतिरिक्त भत्ताको व्यवस्था गर्न, स्वास्थ्य तथा शैक्षिक संस्थाले करार (नियुक्ती सम्झौता) गरी राख्नुपर्ने, ज्यालादारीमा कार्य गराउन नपाइने, सक्कल शैक्षिक लब्धाङ्क पत्रमा कार्यलयले राख्न नपाइने र अनुभवको प्रत्र प्रदान गर्नुपर्ने व्यवस्था कडाइका साथ कार्यान्वयन गर्न पनि मन्त्रालयले निर्देशन दिएको छ ।

त्यस्तै, नर्सिङलगायतका अन्य स्वास्थ्यकर्मीको पारिश्रमिक बैंकिङ प्रणालीबाट मात्र उपलब्ध गराउनुपर्ने पनि मन्त्रालयको निर्देशनमा उल्लेख छ । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले नर्सलगायत सबै स्वास्थ्यकर्मीको पारिश्रमिक र अन्य सुविधा बढाउने प्रतिबद्धता व्यक्त गर्दै आउनुभएको थियो । मन्त्री पौडेलको निर्देशनमा मन्त्रालयले न्यूनतम पारिश्रमिकलगायतका सुविधा कायम गर्न निर्णय गरेको हो ।

# शिक्षामा गुणस्तरीयता शब्दको प्रयोग गर्नै नपर्ने गरी अघि बढाऔं : मन्त्री पौडेल

काठमाडौँ, २८ मङ्सिर (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले शिक्षामा गुणस्तरीयता शब्दको प्रयोग गर्नै नपर्ने गरी अघि बढाउनुपर्नेमा जोड दिनुभएको छ । ब्रिजवाटर कलेजद्वारा शुक्रबार यहाँ आयोजित अभिनन्दन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले शिक्षा शब्द आफैँमा गुणस्तरीय भएको बताउनुभयो ।

शिक्षा क्षेत्रमा निजी क्षेत्रको महत्वपूर्ण योगदान भएको उल्लेख गर्नुहुँदै मन्त्री पौडेलले गुणस्तरीय नभनीकनै शिक्षा शब्दले राम्रो शिक्षा भनेको भन्ने बुझिने गरी गुणस्तरको सुनिश्चितता गरिनुपर्ने बताउनुभएको हो । राष्ट्रिय स्रोतलाई सुनिश्चित बनाउने गरी सबै क्षेत्रले काम गर्नुपर्ने भनाइ पनि उहाँको थियो ।

हुनेबाट लिएर नहुनेलाई राज्यले सहयोग गरी अभिभावकत्व ग्रहण गरेर सहयोग गर्नुपर्नेमा मन्त्री पौडेलको भनाइ थियो ।

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँपालिका, सप्तरी**

# पाँच खर्ब २१ अर्ब ६३ करोड विप्रेषण भित्रियो

काठमाडौँ, २८ मङ्सिर (रासस) ।

चालु आर्थिक बर्षको पहिलो चार महिनामा रू पाँच खर्ब २१ अर्ब ६३ करोड बराबरको विप्रेषण मुलुक भित्रिएको छ ।

नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको विवरणानुसार, समीक्षा अवधिमा विप्रेषण आप्रवाहमा नौ दशमलव एक प्रतिशतले वृद्धि भएको हो । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २२ दशमलव पाँच प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह तीन अर्ब ८७ करोड पुगेको छ । अघिल्लो बर्ष यस्तो आप्रवाह तीन अर्ब ६० करोड रहेको थियो ।

समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रू पाँच खर्ब ६८ अर्ब २६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रू पाँच खर्ब २१ अर्ब ४३ करोड रहेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत नयाँ) लिने नेपालीको सङ्ख्या एक लाख ४७ हजार चार सय ७८ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या ९४ हजार एक सय पाँच रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमशः एक लाख ३७ हजार चार सय ७५ र ६८ हजार आठ सय ४१ रहेको थियो ।

**भ्रष्टाचार र अनियमितता बिरूद्ध जुटौं**

➢घुस लिने र दिने दुबै अपराधी हुन्,
➢भ्रष्टाचारीलाई दण्ड र तिरस्कार गरौं,
➢सदाचारीलाई सम्मान र पुरस्कृत गरौं,
➢सदाचार र नैतिक संस्कृतिको प्रवर्द्धन गरौं,
➢सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाऔं,
➢भ्रष्टाचार र अनियमितता विरुद्ध आवाज उठाऔं,
➢भ्रष्टाचार र अनियमितता भएमा सम्बन्धित निकायमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मर्यादित महिनावारीमैत्री देश चिनाउने अवसर

**गोविन्द खड्का**
काठमाडौं, २८ मङ्सिर (रासस) ।

महिनावारी एक प्राकृतिक प्रक्रिया हो, जसले सृष्टि र जीवनलाई चलाउन महत्वपूर्ण भूमिका निभाउँछ । महिनावारी विभेदका कारण र प्रभावका विषयमा दर्जनौं प्रश्नहरु छन् । अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस मनाइरहँदा यो पवित्र प्रक्रिया, जसले सृष्टि चलाउँछ, उसैलाई किन अपवित्र बनाइयो ? शुद्धता र अशुद्धताको ट्याग कसले लगायो ? कल्पना गरौं, महिनावारी नै भएन भने के होला ? सृष्टि कसरी चल्ला ? सृष्टि चलाउने यो प्राकृतिक प्रक्रियालाई सम्मान गर्नुको सट्टा समाजले किन अपमान गरिरहेको छ ? महिनावारी हुने व्यक्तिलाई दोस्रो दर्जाको नागरिक किन बनाइएको होला ? के महिनावारी नभएको भए संसारमा जीवनको अस्तित्वमा रहन्थ्यो त ? महिनावारी र प्रजनन् प्रक्रियासँगै, जीवनको उत्पत्ति र भविष्यलाई निर्धारण गर्ने यस प्राकृतिक चक्रलाई ध्यानमा राखे हो भने महिनावारी हुनेहरुमाथिको विभेदले सृष्टिको अस्तित्वसँग मेल खाँदैन ।

महिनावारी विभेद्को अन्त्य र मर्यादित महिनावारीमा पुरुषको पनि उत्तिकै भूमिका रहेको हुन्छ । हाम्रो समाजमा महिनावारी हुने व्यक्तिलाई गर्ने विभेद, अपमानले महिला शरीरको स्वामित्व र स्वतन्त्रतालाई सम्मान गर्दैन । महिनावारीलाई अपवित्र ठान्नु भनेको महिलाको शरीर र जीवनलाई सामाजिक रूपमा त्याग्नु हो । हामीले महिनावारीलाई अपवित्र र अशुद्ध ठान्दा हामीले प्राकृतिक प्रक्रियासँग अन्याय गरिरहेको हुनेछ । आफ्नै अस्तित्व र प्रजननको आधारलाई नष्ट पार्ने काम पुरुषबाट पनि हुनु हुँदैन । महिनावारीको कारण शिक्षा, स्वास्थ्य र रोजगारका अवसरहरूमा असर गरिरहेको छ भने समावेशी र समतामूलक समाज निर्माणको यात्रामा अगाडि बढ्न सकिँदैन ।

**समाज र मौनता**

महिनावारी विभेद हाम्रो समाजको सामान्य लाग्ने गम्भीर समस्या हो । यसले महिनावारी हुने व्यक्तिको सम्मान, स्वतन्त्रता र मौलिक अधिकारलाई असर गर्छ । जात, धर्म, भाषा, धनी-गरिब, पढेको-नपढेको, शहर-गाउँ, सबै परिस्थितिमा महिनावारी हुँदा महिनावारी हुने व्यक्तिहरूले केही न केही देखिने र नदेखिने खालका बार्ने चलनहरू छन् । विशेषगरी खान हुने कि नहुने, छुन हुने कि नहुने अथवा सहभागी हुने कि नहुने, हिँडडुल गर्न हुने कि नहुने भन्ने कुराहरूसँग सम्बन्धित छन् । गोठमा बस्ने कि नबस्ने भन्ने कुरालाई मात्रै महिनावारी विभेद मान्न सकिन्न । महिनावारीमा नभएको २५ दिन र महिनावारी भएको पाँच दिने क्रियाकलापमा छुट्टिने ( भान्सामा नजाने, पूजा नगर्ने, खाना छुट्टै खाने) व्यवहार सुदूरपश्चिम र कर्णालीमा मात्रै नभएर अन्यत्र पनि रहेको देखिन्छ ।

महिनावारीका नाममा हुने विभेद्ले किशोरी र महिलाको शिक्षामा असर, स्वास्थ्य जोखिम र मनोवैज्ञानिक तनाव निम्त्याउँछ । तर, समाज महिनावारीका विषयमा खुलेर कुरा गर्न किन तयार छैन ? यो मौनताका पछाडि अज्ञानता, लाज, र परम्परागत धारणाको खास के हो ? यो मौनता अज्ञानताको उपज हो कि परम्पराको नाममा लाज छोप्ने प्रयास ? सबै प्रकारका विभेद र हिंसाविरुद्ध मौनता तोड्नुपर्छ भन्ने सचेत समाज किन महिनावारी विभेद्को सवालमा मौन छ ? शिक्षित मानिने मानिसहरूले पनि महिनावारीबारे खुलेर कुरा गर्न नचाहनु र यसलाई सामाजिक विषयको रूपमा नउठाउनुको कारण के होला ? त्यसो भए के उनीहरूले महिनावारीलाई समाजको कलङ्क बनाउने जिम्मा लिएका हुन् ? यस्ता थुप्रै प्रश्नहरुले नेपाली समाजलाई विश्वसामु शिर निहुराउने बनाएको छ ।

**संविधान, कानुन र महिनावारी विभेद**

हाम्रो संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार दिएको छ । तर महिनावारीको कारण कसैलाई भान्सामा जान नदिँदा, घरभित्र बस्न नदिँदा मौलिक हकको उल्लङ्घन भएको छ । यो विषय बलियोसँग संसददेखि सडकको बहसमा आउन सकेको छैन । यस्तो संवेदनशील विषयलाई किन संवाद र सहकार्यको माध्यमबाट समाधान गर्न खोजिँदैन ? अहिले समाजमा महिनावारीलाई स्वास्थ्य र सरसफाइसँग जोडेर बहस गरिएको छ । धेरै व्यक्ति, सङ्घ-संस्था, सरकारले पनि त्यसै अनुसार काम गरिरहेका छन् । त्यसैसँग जोडेर नेपालमा अहिले महिनावारी प्याड बाँड्ने कार्यक्रम चलेको छ । तर, यसले मात्रै किन महिनावारी विभेद अन्त्य भएको छैन ?

महिनावारी विभेदले महिलाहरूलाई शारीरिक, मानसिक र सामाजिक रूपमा प्रताडित गरेर लैङ्गिक हिंसाका विभिन्न रूपलाई जन्म दिन्छ । यो मानवअधिकारको गम्भीर उल्लङ्घन हो, जसले समानताका अधिकार, शिक्षा, स्वास्थ्य, र सम्मानजनक जीवनयापन गर्ने अधिकारलाई प्रत्यक्ष असर पुर्‍याउँछ । नेपालको संविधान २०७२ को धारा ३८ मा महिलालाई समानता र भेदभावरहित जीवन जिउने अधिकार सुनिश्चित गरिएको छ । साथै, लैङ्गिक हिंसाविरुद्ध ऐन २०६७ र मानव अधिकार संरक्षण ऐन २०५३ अनुसार यस्ता कार्यहरू कानुनी अपराधमा पर्छन् । महिनावारी विभेद्लाई छाउपडीको नामसँग जोडेर २०७४ सालमा गैरकानुनी घोषित गरिएको थियो । महिला अधिकारसँग जोडिएका यी महिनावारी विभेद्का दर्जनौं अभ्यासहरुले कानुनलाई चुनौती दिँदै समाजलाई अझै पनि पुरातन सोचको जालमा फसाइरहेको छ । भान्सामा जान नपाउने एउटा मात्रै विभेदले संविधानका कति मौलिक हक, धारा र त्यसअन्तर्गत बनेका कानुनको उल्लङ्घन भइरहेको छ ।

संविधानले समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणका लागि वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने लक्ष्य लिएको छ । संविधानमा उल्लेख भएका मौलिक अधिकारका धाराहरू: सम्मानपूर्वक जिउन पाउने अधिकार, स्वतन्त्रताको अधिकार, समानताको अधिकार, खानाको अधिकार, शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार, बासको अधिकार, छुवाछुत विरूद्धको अधिकार, महिला हकको अधिकारहरू लेखिएका छन् । यी सबै अधिकारहरू महिनावारी भएको बेलामा बार्ने चलनले एकसाथ हनन् भएको अवस्था देखिएको छ । त्यसो भए महिनावारीको विभेद्लाई महिला हिंसा किन नभन्ने ? भन्ने प्रश्नको उत्तर समाजले दिन सकेको छैन ।

महिनावारी विभेद नेपालमा सबै ठाउँमा छन् । यसका अभियानता डा. राधा पौडेलको अध्ययन र अनुसन्धानमा आधारित किताबको अध्ययन गर्दा महिनावारी विभेद रुपमा फरक भए पनि सारमा संसारभरि छ । सुदूरपश्चिम र कर्णालीका कयौं गाउँमा अझै महिनावारी भएका बेला गोठमा पठाइन्छ । त्यहाँ विभेद् बाहिर आँखाले प्रष्ट देखिन्छ, अन्त देखिन्न । तर, गर्न हुने र नहुनेको अध्ययनको सूची हेर्ने हो भने मेरो जिल्ला अछाम भन्दा काठमाडौंमा धेरै महिनावारी विभेद् छ ।

तर, किन छाउपडीको ट्यागमा महिनावारी विभेद सुदूरपश्चिम र कर्णालीका जिल्लामा मात्रै छ जस्तो भाष्य बनाएको छ ? के अभाव, गरिबी अशिक्षाका कारणले ती ठाउँलाई हपेको ? संघ-संस्थाहरूले मर्यादित महिनावारीमैत्री समाज निर्माण गर्नुको सट्टा किन विभेदलाई मात्र प्रचार गरिरहेका छन् ? पहिलो 'अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस' नेपाल सरकारको नेतृत्वमा मनाइएको थियो । अहिले छैठौं मर्यादित महिनावारी दिवस मनाइएको छ । डिग्नीफाइट मेन्सुरेसन ग्लोबल साथ कोलिसनका अनुसार नेपालसहित विश्वका ७३ देशमा अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस मनाइएको छ । नेपालले मर्यादित महिनावारी अभियानमा नेतृत्व गर्दै पहिलो पटक सरकारी तहमा र तेस्रो पटक राष्ट्रिय मानवअधिकार आयोगको स्वामित्वमा यो दिवस मनाएर विश्वमा सकारात्मक सन्देश दिएको थियो । त्यसपछि राज्य र राज्यका निकायले अग्रसरता देखाएका छैनन । महिनावारी विभेद्को अन्त्यका लागि सरकारी नीति, योजना, र क्रियाकलापको प्रभावकारी कार्यान्वयनमा जोड दिनु आवश्यक छ । समाजको पुरातन सोच र विभेदकारी व्यवहारलाई तोड्ने जिम्मेवारी सरकारको मात्रै नभएर आम समुदायको पनि हो । मर्यादित महिनावारीको अभियानलाई निरन्तरता दिने र विभेदको अन्त्य केवल नारा र औपचारिकताबाट मात्र हुँदैन । पहिलो पहलकर्ता भएको नाताले सयुक्त राष्ट्रसङ्घलाई दिवसको मान्यताका लागि आग्रह गर्दै नेपाललाई मर्यादित महिनावारीमैत्री देशका रूपमा चिनाउने सुनौलो अवसर रहेको छ । (लेखक नेपाल एफएमका कार्यकारी निर्देशक हुनुहुन्छ)

# लिट्मस इन्डस्ट्रीजद्वारा नेपालमा पहिलो पटक XLPE कभर्ड कन्डक्टर उत्पादन सुरु

**दैनिक समाचारदाता**
**काठमाडौं, २८ मंसिर ।**

नेपालको केबल, तार, तथा कन्डक्टर उत्पादनमा अग्रणी लिट्मस इन्डस्ट्रीजले नेपालमै पहिलो पटक मिडियम भोल्टेज XLPE कभर्ड कन्डक्टर उत्पादन गरेर एक ऐतिहासिक उपलब्धि हासिल गरेको छ । २०,००० किलोमिटर वार्षिक उत्पादन क्षमता भएको यस प्रविधिले अब आयातमा निर्भरता कम गर्दै, ऊर्जा आत्मनिर्भरता प्रवर्द्धन गर्ने र उच्च कार्य क्षमताका भरपर्दा पावर ट्रान्समिसन संरचनाहरुको मागलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ ।

उच्च गुणस्तर र टिकाउपनाका सर्वोच्च मापदण्ड पूरा गर्न डिजाइन गरिएकायी कन्डक्टरहरू EN 50397 र IS 398–VI अन्तर्गत प्रमाणित छन् । एडभान्स्ड जर्मन प्रविधिको प्रयोगमा आधारित निर्माण प्रक्रियामा उत्कृष्ट इन्सुलेशनका लागि ट्रिपल-लेयर एक्स्ट्रुसन, उच्च-गुणस्तरको क्रस-लिङ्किङका लागि डीप-वाटर क्युरिङ, र स्पार्क परीक्षण तथा एन्टि-ट्र्याकिङ परीक्षण जस्ता उत्कृष्ट गुणस्तर परीक्षणहरू समावेश छन् । यसले यी कन्डक्टरहरूलाई नेपालको विविध र चुनौतीपूर्ण भूभागहरूमा पनि प्रभावकारी प्रदर्शन र दीर्घकालीन संरचना सुनिश्चित गर्न पनि सक्षम बनाउँछ ।

११ केभीदेखि ३३ केभी क्षमताका यी कन्डक्टरहरू विशेष गरी जंगल क्षेत्रमा आगलागीको जोखिम घटाउने उद्देश्यले निर्माण गरिएका छन् । वातावरणीय अनुकूलताको लागि तयार पारिएका यी कन्डक्टरहरू टिकाउ र भरपर्दा छन्, जसले मर्मत खर्च कमगर्नुका साथै निरन्तर ऊर्जा आपूर्ति सुनिश्चित गर्दछ । यी उत्कृष्ट कन्डक्टरहरूले घरेलु पूर्वाधार तथा सीमा-पार बिजुली निर्यातलाई समेत प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।

मिडियम भोल्टेज XLPE कभर्ड कन्डक्टरको उत्पादनमा अग्रणी भूमिका निर्वाह गरेर, लिट्मस इन्डस्ट्रीजले नेपालको ऊर्जा पूर्वाधारलाई सुदृढ बनाउँदै देशलाई क्षेत्रीय ऊर्जा नवप्रवर्तनमा अग्रणी स्थानमा स्थापित गरेको छ । यो उपलब्धिले गुणस्तर, दिगोपन, र प्रविधिक विकासप्रतिको कम्पनीको अटल प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ ।

लिट्मस इन्डस्ट्रीजले घरायसीतार, औद्योगिक केबल र वातावरण मैत्रीहलोजन-रहितइको वायर लगायत विभिन्न उच्च गुणस्तरीय उत्पादनहरू बजारमा उपलब्ध गराउँदै आएको छ । मिडियम भोल्टेज XLPE कभर्ड कन्डक्टरको उत्पादनमार्फत, लिट्मस इन्डस्ट्रीजले, नेपालको ऊर्जा आत्मनिर्भरता र पूर्वाधार विकासलाई सुदृढ गर्न, समग्र नेपाली केबल उद्योगमै अग्रणी र नेतृत्वदायी भूमिकामा बलियो उपस्थिति देखाएको छ ।

LITMUS
CABLES
QUALITY मा NO. 1

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘हरित वित्त विकसित मुलुक र दातृ निकायको आश्वासनमा सीमित’

काठमाडौँ, २८ मङ्सिर (रासस) ।

गत बुधबारदेखि काठमाडौँमा सुरू भएको १५औँ दक्षिण एसिया आर्थिक सम्मेलन २०२४ सम्पन्न भएको छ । दक्षिण एसियाली मुलुकहरू तथा बाहिरका प्रख्यात अर्थशास्त्री, नीतिनिर्माता तथा नागरिक समाजका अगुवाहरू सम्मिलित सम्मेलनमा ‘दक्षिण एसियामा समतामूलक हरित रूपान्तरणको उजागर’ मूल विषयवस्तुमा केन्द्रित रहेर नीतिगत छलफलहरू भएका छन् ।

सम्मेलनको समापन सत्रलाई सम्बोधन गर्दै नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले दक्षिण एसियामा जलवायु परिवर्तनजन्य जोखिमहरू बढ्दै गएको र यसले क्षति र असमानता बढाउँदै लगेको बताउनुभयो । उहाँले हरित अर्थतन्त्रले ऊर्जा र स्रोतको कार्यदक्षतामार्फत आर्थिक रूपान्तरणलाई अघि बढाउनुपर्नेमा जोड दिनुभयो । साना तथा मझौला उद्यमको हरित रूपान्तरणतर्फको सङ्क्रमण र ठूला हरित पूर्वाधार विकासको आवश्यकता औंल्याउँदै उहाँले नेपालको सन् २०४५ को शून्य कार्बनको लक्ष्य प्राप्तिमा स्रोतसाधनको ठूलो आवश्यकता पर्ने बताउनुभयो । नेपालले जलविद्युत् ऊर्जाका क्षेत्रमा उत्साहपूर्ण काम गरेको उल्लेख गर्दै गभर्नर अधिकारीले ऊर्जालगायत हरित क्षेत्रमा वित्तीय क्षेत्रको लगानी परिचालनका लागि ‘ग्रीन ट्याक्सोनोमी’ जारी गरिसकेको चर्चा गर्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले दक्षिण एसिया तीव्र आर्थिक विकास गरिरहेको सन्दर्भमा क्षेत्रीय सहकार्यलाई सघन बनाएर साझा चुनौतीको सामना गर्न सकिने बताउनुभयो । सस्टेनेबल डेभलपममेन्ट पोलिसी इन्स्टिच्युट पाकिस्तानका कार्यकारी निर्देशक अविद कुयम सुलेरीले दक्षिण एसिया आर्थिक सम्मेलन नीतिगत विषयहरूमा छलफल गर्न महत्वपूर्ण मञ्च रहेको बताउनुभयो ।

सेन्टर फर पोलिसी डायलग बङ्गलादेशका अध्यक्ष डा रेहमान सोभानले आर्थिक एकताको मुख्य पक्ष मूल्य शृङ्खला विस्तारमा दक्षिण एसियाली मुलुकहरूले काम गर्न नसकेकाका कारण क्षेत्रीय आर्थिक संयोजन (एकीकरण) कमजोर भएको धारणा राख्नुभयो । दक्षिण एसियाली मुलुकहरूमा आर्थिक एकीकरणका पहलहरू अत्यन्त सुस्त भएको उहाँको भनाइ थियो । हरित मूल्य शृङ्खला पनि यसअघि नै निर्माण भएका मूल्य शृङ्खलाहरूकै हिस्सा भएको भन्दै डा रेहमानले यसलाई नेतृत्व गर्ने संस्थाको अभावमा हरित मूल्य शृङ्खला विकास पनि असहज रहेको टिप्पणी गर्नुभयो ।

साउथ एसिया वाच अन ट्रेड इकोनोमिक्स एन्ड एन्भायरोमेन्ट ( सावती) का अध्यक्ष डा रत्नाकर अधिकारीले क्षेत्रीय पहलले सहकार्य र सहयोग हरित रूपान्तरणमा बहुआयमिक प्रभाव सिर्जना गर्ने धारणा राख्नुभयो । सावतीका चेयर इमिरेटस डा पोषराज पाण्डेले विश्वव्यापी मूल्य शृङ्खलामा दक्षिण एसियाको सम्भाव्यतालाई उजागर गर्न सहयोगी नीतिहरू, प्रोत्साहन, साझेदारी अनुसन्धान र विकास तथा क्षेत्रीय सहकार्यमा जोड दिनुभयो ।

सम्मेलनमा १६ सत्रहरू सञ्चालन भएका थिए । दक्षिण एसियाली मुलुकहरूले जलवायु परिवर्तनका जोखिमहरू, जोखिमसँग सामना गर्नका लागि हरित वित्तको न्यूनता तथा औद्योगिक र व्यापार नीतिसँग जलवायु प्रतिकार्यको सामञ्जस्यता तथा बढ्दो भूराजनीतिक द्वन्द्वका साथै जलवायु परिवर्तनका कारण सिर्जित असमानताका बारेमा सरोकार राख्दछन् र यस क्षेत्रमा समतामूलक हरित रूपान्तरण उजागर गर्न सकिनेमा विश्वस्त छन् ।

सम्मेलनको दोस्रो पूर्ण सत्रमा क्लाइमेट एक्सनको युगमा व्यापार र औद्योगिक नीतिका विषयमा छलफल भएको थियो । साउथ-साउथ कोअपरेसनसहित सहयोगी र प्रभावकारी राष्ट्रिय नीतिले हरित औद्योगिकरणमार्फत दक्षिण एसियाली मुलुकहरूको समृद्धिको आकाङ्क्षा पूरा गर्ने धारणा व्यक्त गरिएको थियो ।

सम्मेलनको तेस्रो पूर्ण सत्रमा जलवायु परिवर्तनका असरसँग जुध्नका लागि हरित वित्त अत्यावश्यक रहेको र यो दलित, महिला तथा आदिवासीसमेतका लागि समतामूलक हुनुपर्नेमा जोड दिइएको थियो । तर अत्यावश्यक ठाउँमा हरित वित्त पुग्न नसकेको सहभागीहरूको धारणा रहेको थियो । हरित वित्तको उपलब्धता पहुँच, सामर्थ्य, वहनयोग्यता, प्रयोक्तालगायतमा केन्द्रित रहेर समीक्षा गरिएको थियो । हरित वित्त अहिलेसम्म विकसित देश र दातृ निकायको आश्वासनमा मात्र सीमित भएको उक्त सत्रको निष्कर्ष रह्यो । त्यस्तै विश्व व्यापारका दिगो मापदण्ड, औद्योगिक नीतिमा पुनरावलोकन तथा दिगोपनामा आधारित मापदण्ड तयार गर्नुपर्नेमा वक्ताहरूले जोड दिएका छन् ।

ऊर्जासम्बन्धी सत्रमा दक्षिण एसिया क्षेत्रमा हरित ऊर्जा क्षेत्रमा भइरहेको रूपान्तरणका बावजुत दक्षिण एसिया क्षेत्र अझै पनि जीवाश्म इन्धनमा निर्भर रहेको सन्दर्भमा हरित ऊर्जाको विस्तारमा राजनीतिक, वित्तीय तथा पूर्वाधारको अवरोधलाई हटाउँदै जानुपर्ने सम्बन्धमा छलफल भएको थियो ।

दक्षिण एसियामा वातावरणीय वस्तु र सेवाको व्यापारमा वृद्धि भइरहेको र हरित प्रविधि अवलम्बनलाई प्रोत्साहित गरिरहेको उल्लेख गरिएको छ । यद्यपि बहुपक्षीय र क्षेत्रीय संयन्त्रहरूले मागको तुलनामा वातावरणीय प्रविधिलाई विस्तार गर्ने वातावरण निर्माण गर्न असफल भएको विज्ञहरूको धारणा छ ।

जलवायु परिवर्तनका कारण अन्य क्षेत्रजस्तै कृषि तथा पर्यटनमा प्रत्यक्ष प्रभाव परेको छ । दिगो पर्यटन विकासका लागि आदिवासीहरूको भूमिका तथा कमजोर हिमाली क्षेत्रलाई बचाएर पर्यटन क्षेत्रलाई पुनःजागृत गर्नुपर्ने बताइएको छ । हिमालदेखि समुद्री सतहका देशहरूलाई समेत जलवायु परिवर्तनले उत्तिकै प्रभावित पारिरहेको छ ।

त्यस्तै साना तथा मझौला उद्यम अनौपचारिकता, तयारीको अभाव तथा स्रोतमा सीमित पहुँचका कारण कठिनाइ व्यहोरिरहेका छन् । यस्ता उद्यमहरूको औपचारिकरण, स्थायित्व र उत्थानशीलता विकासका लागि एकीकृत रणनीतिक योजना तथा विपद् व्यवस्थापनले आर्थिक वृद्धिमा योगदान गर्ने छलफलको निष्कर्ष रह्यो । साथै दक्षिण एसियामा सर्कुलर अर्थतन्त्र विकासका लागि प्रणालीगत सहकार्य, नवीन नीतिगत पहल तथा प्रविधि आत्मसात् गरी यसको सम्भावना उजागर गर्नुपर्ने विज्ञहरूको भनाइ छ ।

दक्षिण एसिया आर्थिक सम्मेलन सन् २००८ देखि आयोजना गर्न सुरू गरिएको हो । जसले दक्षिण एसियामा विकासका चुनौतीहरूका विषयमा छलफल गर्ने मञ्चका रूपमा स्थापित भएको छ । वार्षिक रूपमा दक्षिण एसियाली देशहरूमा पालैपालो आयोजना गरिने यो सम्मेलनले क्षेत्रभित्र र बाहिरका प्रख्यात अर्थशास्त्रीहरू नीतिनिर्माता तथा नागरिक समाजका अगुवाहरूलाई सामेल गराउँदै आएको छ ।

नेपालमा साउथ एसिया वाच अन ट्रेड इकोनोमिक्स एन्ड एन्भायरोमेन्ट (सावती), बङ्गलादेशमा सेन्टर फर पोलिसी डायलग, भारतमा रिसर्च एन्ड इन्फरमेसन सिस्टम फर डेभलपिङ कन्ट्रिज्, पाकिस्तानमा सस्टेनेबल डेभलपममेन्ट पोलिसी इन्स्टिच्युट र श्रीलङ्कामा इन्स्टिच्युट अफ पोलिसी डायलगले पालैपालो सम्मेलन आयोजना गर्दै आएका छन् ।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

अनुरोधकर्ता

तिरहुत गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यालय

सप्तरी, मधेश प्रदेश


## विश्व समाचार

### संसद् आक्रमणमा मृत्यु भएकाप्रति श्रद्धाञ्जलि व्यक्त

नयाँदिल्ली, २८ मङ्सिर (रासस/एएफपी) ।

भारतीय प्रधानमन्त्री मोदी लगायत नेताद्वारा सन् २००१ को संसद आक्रमणमा मृत्यु भएकाप्रति श्रद्धाञ्जलि व्यक्त गर्नुभएको छ ।

प्रधानमन्त्री मोदीले सन् २००१ मा संसद भवनमा भएको आक्रमणमा आफ्नो जीवन उत्सर्ग गर्ने बीर योद्धाहरुप्रति श्रद्धाञ्जलि अर्पण गर्दै उनीहरुको बलिदानले राष्ट्रलाई सदैव प्रेरणा दिने बताउनुभएको छ ।

सन् २००१ को डिसेम्बर १३ मा लश्कर-ए-तैबा र जैश-ए-मोहम्मदले संसद्मा आक्रमण गर्दा दिल्ली प्रहरीका पाँच, संसद् सुरक्षा सेवाका दुई जवान, सीआरपीएफका एक जवान र एक मालीको मृत्यु भएको थियो ।

उक्त घटनाले भारत र पाकिस्तानबीच तनाव बढेको थियो । यसैगरी भारतीय राष्ट्रिय काङ्ग्रेसका अध्यक्ष मल्लिकार्जुन खड्गेले घटनामा शाहदत प्राप्त गरेका सैनिकहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दै सिङ्गो देश आतङ्कवादविरुद्ध उभिएको बताउनुभएको छ ।

उहाँले भन्नुभयो, “सन् २००१ को संसद आक्रमणमा मारिएकाप्रति श्रद्धाञ्जलि अर्पण गर्दछु । उनीहरूको बलिदानले हाम्रो राष्ट्रलाई सधैं प्रेरणा दिनेछ ।”

आम आदमी पार्टीका प्रमुख अरविन्द केजरीवालले संसद आक्रमणका क्रममा आफ्नो ज्यानको आहुति दिने सैनिकहरूलाई श्रद्धाञ्जली वइक्त गर्दै भन्नुभयो, “कृतज्ञ राष्ट्रको तर्फबाट अमर शहीदहरूप्रति सम्मानपूर्ण श्रद्धाञ्जलि । आज हामीले संसद भवनमा भएको आतङ्कवादी हमलामा शहीद भएका भारत माताका वीर सैनिकहरुलाई श्रद्धाञ्जलि अर्पण गर्दै स्मरण गरेका छौं ।”

आप प्रमुखले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ, “आजको दिनले हामीलाई ती वीर सैनिकहरूको सम्झना गराउँछ, जसले संसद भवनमा भएको आतङ्कवादी हमलामा देश र हाम्रो लोकतन्त्रको रक्षाका लागि आफ्नो जीवन बलिदान गरे । ती सबै बहादुर सैनिकहरूको अमर शहादतलाई लाखौं सलाम छ ।”

श्रद्धाञ्जलिले सन् २००१ को डिसेम्बर १३ मा भारतीय संसद्मा भएको भयानक आतङ्कारी हमलाको स्मरण गराएको छ ।

सन् २००१ को डिसेम्बर १३ मा गृह मन्त्रालय र संसदको लेबल भएको कारमा संसद्मा प्रवेश गरेका पाँच जना आतङ्कारी मारिएका थिए । त्यतिबेला संसद् भवनभित्र प्रमुख राजनीतिज्ञसहित १०० भन्दा बढी व्यक्ति थिए । बन्दुकधारीहरूले आफूले चलाएको कारमा परिचयपत्रको नक्कली स्टिकर प्रयोग गरी संसदीय परिसर वरपर तैनाथ सुरक्षाकर्मीलाई सजिलै झुक्याउन सफल भएका थिए । आतङ्कवादीहरूले एके ४७ राइफल, ग्रेनेड लन्चर र पेस्तोलद्वारा आक्रमण गरेका थिए ।

### भारतीय अभिनेता ‘अल्लु अर्जुन’ पक्राउ

नयाँदिल्ली, २८ मङ्सिर (रासस/एएफपी) ।

भारतीय अभिनेता अल्लु अर्जुनलाई शुक्रबार पक्राउ गरिएको छ । चलचित्रको विशेष प्रदर्शनका क्रममा उपस्थित भएका समय भएको भागदौडमा एक महिलाको मृत्यु भएको घटनालाई लिएर उहाँलाई अनुसन्धानका लागि पक्राउ गरिएको प्रहरी र स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

यसै महिना भारतका दक्षिणी शहर हैदराबादको एक सिनेमा हलमा अभिनेता अल्लू अर्जुनको फिल्म ‘पुष्पा २ : द रूल’ को विशेष प्रदर्शन (स्क्रिनिङ) का लागि पग्नुभएको थियो । उहाँलाई हेर्न ठूलो भीड भेला भएको र भीड अनियन्त्रित हुँदा भाग दौड मच्चिएको र एक महिलाको मृत्यु भएको थियो ।

नाम नबताउने शर्तमा एक प्रहरी अधिकारीले एएफपीसँग कुरा गर्दै भने, “४२ वर्षीय अभिनेतालाई खतरनाक हतियार वा साधनले स्वेच्छाले चोट पुर्‍याउनेलगायत तीन वटा अपराधको आशङ्कामा पक्राउ गरिएको हो ।

अधिकारीका अनुसार यस घटनामा संलग्न अन्य सात जनालाई यसअघि नै पक्राउ गरिसकिएको छ । टेलिभिजन टिभी नाइनले सामाजिक सञ्जाल ‘एक्स’मा शेयर गरेको भिडियोमा अभिनेताले कफीको कप समातेको र उहाँलाई हिरासतमा लिन आफ्नो निवासमा पुगेका अधिकारीसँग कुरा गरिरहेको देखिएको छ ।

आफ्नो छोरासँग स्क्रिनिङमा सहभागी भएकी ३० वर्षीया एक महिलाको डिसेम्बर ४ मा भएको भागदौडमा परी मृत्यु भएको थियो ।

महिलाका परिवारले अर्जुन, उहाँको सुरक्षा टोली र सिनेमा हल व्यवस्थापनविरुद्ध उजुरी दर्ता गराएको भारतीय सञ्चारमाध्यम इन्डिया टुडेले जनाएको छ । अर्जुनले दुर्घटना भएको दुई दिनपछि घटनाबारे सामाजिक सञ्जालमा प्रतिक्रिया दिँदै घटनाबाट आफू निकै मर्माहत भएको बताउनुभएको थियो ।

उहाँले एक्समा लेख्नुभएको छ, “परिवार दुःखी हुने अवस्थालाई सम्मान गर्दै म उनीहरूलाई यो चुनौतीपूर्ण यात्राबाट फर्कन मद्दत गर्न हरसम्भव सहयोग गर्न प्रतिबद्ध छु ।”

अर्जुनको दक्षिण भारतमा निकै लोकप्रिय अभिनेताका रूपमा स्थान छ र ‘पुष्प फिल्म फ्रेन्चाइज’ले बक्स अफिसमा करोडौं कमाएको छ । उहाँले दुई वर्षअघि रिलिज भएको सिरिजको पहिलो चरणमा नै आफ्नो शीर्ष भूमिकाका लागि भारतको राष्ट्रिय चलचित्र पुरस्कारमा सर्वश्रेष्ठ अभिनेताको पुरस्कार जित्नुभएको छ ।

# व्यावसायी बन्दै आमाहरू

सर्लाही, २८ मङ्सिर (रासस) ।

सर्लाहीको हरिवन नगरपालिका-५, घुर्कौलीका स्थानीय महिलाहरूले लघुउद्यम गरेर आम्दानी गर्न थालेका छन् ।

स्थानीय नौ महिलाको समूहले गाउँघरमै लघुउद्यम गरेर फुर्सदको समयमा थोरै भए पनि आम्दानी गर्न सुरु गरेका हुन् । हरिवन नगरपालिका-५ वडा कार्यालयले महिला सशक्तिकरणको लागि छुटचाइएको बजेटबाट लिएको तालिमले अहिले उद्यमी व्यवसायी बनाएको आमा शक्ति महिला लघुउद्यमी समूहकी अध्यक्ष शिलाकुमारी महतोले बताउनुभयो ।

"हामी आमाहरू मिलेर समूह बनाएका छौँ", उहाँले भन्नुभयो, "आमाहरूका लागि अत्यआवश्यक सरफ (डिटरजेन्ट पाउडर) बनाउन सुरु गरेका छौँ ।" महिलालाई स्वरोजगार बनाउने उद्देश्यसहित दुई वर्षअघि वडा कार्यालयले सञ्चालन गरेको तालिममा सहभागी स्थानीय महिलाजनले जनही रु पाँच हजारका दरले रकम जम्मा गरेर समूह दर्ता गरेका हुन् । सुरुमा हातले बनाएर प्याक गर्ने र आफैँले प्रयोग गर्ने गरेको समूहकी कोषाध्यक्ष सजनी स्याङ्तानले बताउनुभयो । यसरी व्यावसायिक हुन नसक्ने देखेपछि फेरि सदस्यहरूले रु २५/२५ हजार थपेर र नपुग रकम ऋण लिएर मेसिन किनेको उहाँको भनाइ छ । मेसिनको सहायताले धेरै छिटो र सजिलै धेरै सरफ उत्पादन गर्न सकेको उहाँले बताउनुभयो ।

समूहले उत्पादन गरेको सरफ प्याक गरेर आफैँले बजारसम्म पुर्‍याउने गरेको छ । बजारमा माग कम रहेकाले अहिले १५ दिनमा दुई पटक उत्पादन गर्ने र अन्य दिनमा बजारमा प्रचारप्रसार गर्ने गरेको अध्यक्ष महतोले बताउनुभयो । "उत्पादन गर्ने दिन सबै सदस्य बिहान घरधन्दा सकेर कारखानामा उपस्थित हुन्छौँ", उहाँले भन्नुभयो, "काम बाँडफाँट गरेर कसैले तयारी पाउडर प्याकेटमा हाल्ने, कसैले जोख्ने, कसैले प्याक गर्ने र कसैले बोरामा प्याक गरेर राख्ने गर्छौं ।"

सीप सिकेर उद्यमी व्यवसायी बनेपछि तरकारी, सामान्य खर्चका लागि श्रीमान्‌को मुख ताक्नुपर्ने बाध्यता हटेको उहाँहरूको भनाइ छ । स्थानीय तहले दिने तालिम लिएर सदुपयोग गर्न सके स्वरोजगार बन्नसमेत सहयोग पुग्ने उहाँहरूको अनुभव छ । यस समूहले उत्पादन गरेको सरफ उक्त वडाले सुत्केरी पोषण प्याकेज कार्यक्रममा वितरण गर्ने गरिएको छ । नगरका ११ वटै वडाका सुत्केरीलाई वितरण गरिने पोषण प्याकेजमा स्थानीय उत्पादन समावेश गरिदिए आफूहरुले बजार खोज्न धाउनुपर्ने समस्यासमेत समाधान हुने कोषाध्यक्ष स्याङ्तानले बताउनुभयो ।

समूहकी अध्यक्ष महतोले बजारमा अत्यधिक प्रतिस्पर्धा रहेको र स्थानीय उत्पादन भनेपछि नाक खुम्च्याउने प्रचलनले समस्या भएको बताउनुभयो । "हामी लघुउद्यमीसँग ठूलो लगानी छैन्" उहाँले भन्नुभयो, "थोरै कच्चापदार्थ लिँदा महँगो पर्छ । उपकरणको प्रयोग गर्न नसकेका कारण लागत पनि केही बढी हुन्छ । स्थानीयस्तरमा उत्पादन गरेको भनेपछि उपभोक्ता किन्न हिच्किचाउने गर्दा बजारमा केही समस्या भए पनि निराश नभई उत्पादन गरिरहेका छौँ ।" बजारमा पाइने अन्य सरफभन्दा पनि गुणस्तरको सरफ उत्पादन गरेको अध्यक्ष महतोले दाबी गर्नुभयो ।

स्थानीय तथा नगरवासीले पनि स्थानीय उत्पादन खोजीखोजी प्रयोग गरेर साना धरेलु तथा लघु उद्योगलाई प्रोत्साहन गर्नुपर्ने उहाँको भनाइ छ । समूहले सामान बेचेको नाफासमेत लगानी गरेर अहिले आठ लाख रुपैयाँ बराबरको पुँजी विस्तार गरेको जनाएको छ । अढाइ क्वीन्टल क्षमताको मिक्सचर मेसिन, एक थान तौल मेसिन र एक थान प्याकेट बन्द गर्ने हिटर मेसिनको प्रयोगबाट उहाँहरुले सरफ उत्पादन गरिरहनुभएको छ ।

बजारबाट माग आएमा दैनिक २५ क्विन्टलसम्म सरफ उत्पादन र प्याकिङ गर्ने उपकरण र जनशक्ति आफूहरुसँग मौज्दात रहेको अध्यक्ष महतोले बताउनुभयो ।

यहाँ उत्पादित सरफ प्रतिकिलो होलसेलमा ८० रुपैयाँ र खुद्रामा सय रुपैयाँसम्ममा बिक्री गर्ने गरिएको छ । अहिले महिनाको चारदेखि पाँच क्विन्टलसम्म सरफ उत्पादन गरेर बजारमा पुर्‍याउने गरेको समूहले जनाएको छ ।

# डा ओम फाउन्डेसनद्वारा ब्लाङ्केट वितरण

काठमाडौँ, २८ मङ्सिर (रासस) ।

डा ओम फाउन्डेसनले महोत्तरीको बलवा नगरपालिका-१० धमौरामा विपन्न तथा सिमान्तकृत समुदायका तीन सय ५० घरपरिवारलाई कम्बल ( ब्लाङ्केट) वितरण गरेको छ । जाडो बढ्दै गएकाले पहिलो चरणमा त्यस क्षेत्रमा बसोबास गर्दै आएका मुसहर, चमार र दुसाद समुदायका साथै अन्य विपन्न परिवारलाई चिसोबाट जोगाउन ब्लाङ्केट वितरण गरिएको हो ।

डा ओम फाउन्डेसनका संस्थापक डा ओममूर्ति अनिलद्वारा लिखित पुस्तक 'जीवन्त सम्बन्ध'को बिक्रीबाट सङ्कलित रकमबाट ब्लाङ्केट खरिद गरिएको हो । डा ओममूर्तिले भन्नुभयो, "मैले बुबासँगको सम्बन्धलाई आधार बनाएर 'जीवन्त सम्बन्ध नामक पुस्तक लेखेको थिएँ । पुस्तकको बिक्रीबाट आर्जित सम्पूर्ण रकम सामाजिक कार्यमा खर्च गर्ने क्रममा ब्लाङ्केट वितरण गरिएको हो ।" 'जीवन्त सम्बन्ध' पुस्तक खरिद गर्ने पाठकहरूकै योगदानबाट जाडोमा कठ्याङ्ग्रिएर बसेको परिवारलाई केही न्यानो प्रदान गर्न खोजिएको उहाँको भनाइ छ ।

पुस्तकको बिक्रीबाट प्राप्त हुने रकम फाउन्डेसनमार्फत् स्वास्थ्य, शिक्षा र सामाजिक रुपान्तरणका क्षेत्रमा खर्च गरिने फाउन्डेसनको योजना रहेको छ । फाउन्डेसनले गत कात्तिकमा धमौरामा पाँच दिनसम्म निःशुल्क मुटु स्वास्थ्य शिविर सञ्चालन गरी छ सय जनाभन्दा बढीको स्वास्थ्य जाँच गरेको थियो भने छिट्टै देशभरिबाट प्रतिनिधित्व हुने गरी गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न लागिएको फाउन्डेसनले जनाएको छ ।

# प्रख्यात क्रिकेटर ब्रायन लारा काठमाडौँमा

काठमाडौँ, २८ मङ्सिर (रासस) ।

वेष्टइण्डिजका प्रख्यात क्रिकेटर ब्रायन लारा काठमाडौँ आउनुभएको छ । उहाँ शुक्रबार बिहान काठमाडौँ ओर्लिनुभएको हो । उहाँलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाल क्रिकेट सङ्घ (क्यान)का पदाधिकारीले स्वागत गर्नुभयो ।

लारा क्यानको निमन्त्रणामा काठमाडौँमा जारी नेपाल प्रिमियर लिग (एनपिएल) को पहिलो संस्करण हेर्न काठमाडौँ आउनुभएको हो । वेष्टइन्डिजका पूर्वकप्तानसमेत रहनुभएका उहाँले एनपिएलका केही खेल हेर्ने र खेलाडीहरुसँग साक्षात्कार गर्ने क्यानले जनाएको छ ।

क्रिकेटर लाराले वेष्टइण्डिजका लागि सन् १९९० देखि २००७ सम्म राष्ट्रिय टोलीबाट खेल्नुभएको थियो । उहाँले वेष्टइण्डिजका लागि एक सय ३१ टेष्ट खेल खेल्नुभएको छ । एक सय ३१ खेलबाट लाराले ११ हजार नौ सय ५३ रन बनाउनुभएको थियो । उहाँले टेस्ट क्रिकेटमा ३४ शतक प्रहार गर्नुभएको छ भने ४८ अर्धशतक प्रहार गर्नुभएको छ ।

उहाँले टेस्ट क्रिकेटमा एक खेलमै चार सय रन प्रहार गरेर विश्व रेकर्डसमेत बनाउनुभएको छ । लाराले सन् २००४ अप्रिल १२ मा इङ्ग्ल्यान्डविरुद्धको टेस्ट क्रिकेटमा अविजित रहँदै चार सय रन बनाउनुभएको थियो ।

त्यसैगरी लाराले वेष्टइण्डिजका लागि दुई सय ९९ एक दिवसीय खेल खेल्नुभएको छ । एक दिवसीय क्रिकेटमा १९ शतक र ६३ अर्धशतक प्रहार गर्दै उहाँले १० हजार चार सय पाँच रन जोडनुभएको छ ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**छिन्नमस्ता गाउँपालिका, सप्तरी**


# नेपालको चिकित्सा स्नातकोत्तरलाई विदेशमा आपसी मान्यता दिलाउन पहल गरिने

काठमाडौँ, २८ मङ्सिर (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले नेपालको चिकित्सा शिक्षालाई विदेशमा आपसी मान्यता प्रदान गर्न पहल थालेको छ ।

नेपालमा स्नातकोत्तर गरे भारत तथा अन्य राष्ट्रहरुमा सो सरहको मान्यता नपाउँदा नेपालका चिकित्सा विद्यार्थी मारमा परेका छन् । स्वास्थ्य मन्त्रालयले यस्तो समस्या अन्त्य गर्न तथा पूर्ण शुल्कमा विदेशी विद्यार्थी नेपालमा अध्ययन गर्न आउने बातावरण बनाउन उक्त पहल थालेको हो ।

गत महिना इन्डोनेसियामा आयोजित एक कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेललाई त्यहाँका स्वास्थ्यमन्त्रीले स्नातकोत्तर शिक्षा प्रदान गर्नका लागि आग्रह गर्नुभएको थियो । त्यसपश्चात मन्त्रालयले काम अघि बढाएको हो । माल्दिभ्सलगायत सार्क देशका विद्यार्थीलाई चिकित्सा शिक्षाको आपसी मान्यता प्रक्रिया सहज बनाउन सहजीकरण र कोटा व्यवस्थापनका उपाय खोज्न मन्त्रालयले नेपाल मेडिकल काउन्सिललाई ३० दिनभित्र प्रारम्भिक प्रतिवेदन बुझाउन आग्रह गरेको छ ।

उक्त प्रतिवेदनमा आवश्यक उपाय सुझाउन मन्त्रालयअर्न्तगतको नीति योजना तथा अनुगमन महाशाखाले काउन्सिललाई पत्राचार गरेको प्रवक्ता डा प्रकाश बुढाथोकीले बताउनुभयो । हाल भारतलगायतका मुलुकमा स्नातकोत्तर अध्ययन गरेकाले नेपालमा सहजै अभ्यास गर्न पाए पनि नेपालमा अध्ययन गरेकाले आपसी मान्यता प्राप्त नहुँदा कठिनाइ भइरहेको छ । आपसी मान्यता पाउने गरी सार्कस्तरमा पहल गर्न सकिएमा नेपालमा विदेशी विद्यार्थीको आकर्षण बढाउन सकिने विश्वास लिइएको छ ।


## सुरक्षित अन्न भण्डारण गरौं

➢भण्डारण गर्नुभन्दा पहिला अनाजलाई राम्ररी सुकाऔं,
➢अन्नलाई सफा, सुख्खा, कम आद्रता भएको ठाउँमा राखौं,
➢भकारी वा अन्न राखेको भाडोलाई भुईमा नराखौं, काठ वा फ्ल्याकमाथि राखौं,
➢स्टिल वा टिनका भाडाँमा अन्न ओसिन नदिन भित्रबाट पेन्ट गरेर मात्र राखौं,
➢भण्डारण गर्ने कोठामा हावाको राम्रो बन्दोबस्त मिलाऔं,
➢अन्न भण्डारको समय-समयमा निगरानी गरौं,
➢अन्न भण्डारमा लाग्ने घुन, किराहरुको व्यवस्थापनका लागि रसायनिक विषादीको साटो स्थानीयस्तरमा उपलब्ध हुने जैविक प्रविधिको प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*